**२०८१ साल जेठ २४ विहिबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** लुम्बिनी प्रदेश योजना आयोगको रिक्त रहेको सदस्य पदमा नियुक्त गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** संगठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी प्रतिवेदन अध्ययन तथा मूल्याङ्कनका लागि समिति गठन गर्ने ।

३. **आर्थिक मामिला तथा योजना मन्त्रालय :** प्रदेशका आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०८१ को मस्यौदा स्वीकृत गर्ने ।

४. **शहरी विकास तथा खानेपानी मन्त्रालय :** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरु स्थापना गर्न सैद्धान्तिक सहमति दिने ।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशका प्रदेश सचिव श्री कृष्ण पौडेल (क.स.नं. १९१२८६) लाई अर्को व्यवस्था नभएसम्मको लागि बैठक तथा प्रशासन महाशाखामा रही आर्थिक प्रशासन समेत संचालन गर्ने गरी जिम्मेवारी तोक्ने ।